नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................................शाखा)

प.सं. : ०७४/०७५
च.नं. : ४२

सिंहदरबार, काठमाण्डौं
मिति: २०७४/०५/१४

## प्रेस विज्ञप्ति

आज मिति २०७४ साल भाद्र १४ गते नेपालका लागि जापानका महामहिम राजदूत Mr. Masashi Ogawaले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री यज्ञ बहादुर थापाज्यूसँग माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभयो।

उपर्युक्त भेटका अवसरमा नेपाल र जापान बीचको ऐतिहासिक तथा मैत्रीपूर्ण सम्बन्धको साथै सन् १९५६ मा स्थापित औपचारिक कुटनीतिक सम्बन्ध समेतको महत्वलाई स्मरण गर्दै सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो।

जापान सरकारको तर्फबाट विभिन्न क्षेत्रहरुमापु-याउँदै आएको सहयोगको निरन्तरताको साथै, कानून र न्यायको क्षेत्रमा समेत प्राविधिक सहयोग उपलब्ध गराउन इच्छुक रहेको कुरा महामहिम राजदूतले व्यक्त गर्नुभयो।

भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयन र निर्वाचन अहिलेको प्राथमिकता भएको र यसको लागि आवश्यक कानूनको निर्माणमा मन्त्रालयले सक्रिय रुपमा काम गरिरहेको जानकारी गराउनुभयो। माननीय मन्त्रीज्यूले आगामी मंसिर महिना भित्र नै प्रदेश तह र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको समेत उल्लेख गर्नुभयो। यसका अतिरिक्त फौजदारी संहिता र सम्बद्ध विधेयकहरु व्यवस्थापिका-संसदबाट पारित भइसकेको र देवानी संहिता र सम्बद्ध विधेयकहरु पारित हुने क्रममा रहेको पनि उहाँले जानकारी गराउनुभयो।

उक्त अवसरमा माननीय मन्त्रीज्यूले भूकम्प प्रभावितको उद्दार, राहत र भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्यमा जापान सरकारले गरेको सहयोगको लागि आभार व्यक्त गर्दै निरन्तर सहयोगको अपेक्षा समेत व्यक्त गर्नुभयो।

(डिल्लीराज घिमिरे)
सहसचिव एवं प्रवक्ता